नेपाल सरकार

# स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

## आन्तरिक प्रशासन शाखा

☎ ४२२३५८०
४२६२६९६
४२६९७३६

रामशाहपथ
काठमाडौं, नेपाल

प.सं. ०८१/८२/१/आ.प्र.
च.नं. ८५६

मितिः २०८२/०१/१९
नेपाल संवत् ११४५

श्री स्वास्थ्य सेवा विभाग, टेकु, काठमाडौं ।
श्री आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग, टेकु, काठमाडौं ।
श्री औषधि व्यवस्था विभाग, विजुलीबजार, काठमाडौं ।
श्री प्रशासन महाशाखा, स्वा.तथा ज.सं.मं. ।
श्री जनसङ्ख्या व्यवस्थापन महाशाखा, स्वा.तथा ज.सं.मं. ।
श्री नीति, योजना तथा अनुगमन महाशाखा, स्वा.तथा ज.सं.मं. ।
श्री स्वास्थ्य समन्वय महाशाखा, स्वा.तथा ज.सं.मं. ।
श्री गुणस्तर, मापन तथा नियमन महाशाखा, स्वा.तथा ज.सं.मं. ।
श्री सङ्घीय अस्पताल, सबै ।
श्री प्रादेशिक अस्पताल, सबै ।
श्री जनस्वास्थ्य कार्यालय/जिल्ला अस्पताल, सबै (७७) ।
श्री आधारभूत अस्पताल/नगर अस्पताल, सबै ।

विषयः परिपत्र सम्बन्धमा।

प्रस्तुत विषयमा राष्ट्रिय सतर्कता केन्द्रबाट अनुरोध भई आएको प.सं. ०८१/८२, च.नं. २४/२५८८, मिति २०८२।०१।८२ को पत्र यसैसाथ संलग्न छ । सो सम्बन्धमा उक्त पत्रबाट व्यहोरा अवगत गरी भ्रष्टाचार निवारण ऐन (पहिलो संशोधन), २०८१ को दफा १७क मा उल्लेखित प्रावधान/व्यवस्था कार्यान्वयन गर्नु/गराउनुहुन निर्णयानुसार अनुरोध छ।

.......................
विश्वबन्धु रेग्मी
शाखा अधिकृत

बोधार्थ
श्री राष्ट्रिय सतर्कता केन्द्र,
सिंहदरबार, काठमाडौं ।
श्री सूचना प्रविधि शाखा, स्वा.तथा ज.सं.मः यसैसाथ संलग्न पत्र मन्त्रालयको Website मा अपलोड गरिदिनु हुन।

https://gioms.gov.np

नेपाल सरकार

# राष्ट्रिय सतर्कता केन्द्र

सिंहदरबार, काठमाण्डौ

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं
दर्ता नं.:- 6236
दर्ता मिति:-२०८२/१/१४

३५६२
११९४

प.सं. :- ०८१/८२

च.नं. :- २४/२५८८

मिति :- वि.सं. २०८२/०१/१२

विषयः परिपत्र सम्बन्धमा।

श्री सङ्घीय सबै मन्त्रालय, काठमाडौं ।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सातै प्रदेश।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. भ्र.नि./५२१/५३४९ मिति २०८२/०१/०५ को पत्रबाट "संवत् २०८१ चैत्र ३ गते सम्माननीय राष्ट्रपतिज्यूबाट प्रमाणीकरण भई कार्यान्वयनमा आएको भ्रष्टाचार निवारण ऐन (पहिलो संशोधन), २०८१ को दफा १७ क मा 'निर्णय नगरी हानी नोक्सानी पुऱ्याउनेलाई सजाय' सम्बन्धी व्यवस्था थप गरिएको व्यहोरा विदितै छ। उक्त दफामा 'कुनै राष्ट्र सेवकले कानून बमोजिम कुनै खास अवधी भित्र कुनै निर्णय गरी सक्नुपर्नेमा मनासिव कारण परेको अवस्थामा बाहेक जानी जानी आफू र अरु कसैलाई लाभ लिई, दिई वा दिलाई बदनियत पूर्वक त्यस्तो निर्णय गरेको कारणबाट सार्वजनिक संस्था वा व्यक्तिलाई हानी नोक्सानी पुग्न गएको रहेछ भने त्यस्तो राष्ट्र सेवकलाई कसुरको मात्रा अनुसार छ महिनासम्म कैद वा हानी नोक्सानी विगो खुलेकोमा विगो बमोजिम र विगो नखुलेको पचास हजार रुपैंया सम्म जरीवाना वा दुवै सजाय हुनेछ' भन्ने व्यवस्था गरेको छ। अतः तहाँ मन्त्रालय र मातहत निकायका जिम्मेवार पदाधिकारी/कर्मचारीहरूबाट समयमै निर्णय र कार्य गर्ने, गराउने व्यवस्था मिलाई निर्णय नगरेको कारणबाट सार्वजनिक संस्था वा व्यक्तिलाई हानी नोक्सानी पुग्न जाने अवस्था आउन नदिन" भनी लेखी आएको ब्यहोरा अनुरोध छ ।

सोही पत्रबाट उक्त कार्यको नियमित अनुगमन गरी प्रतिवेदन गर्न यस केन्द्रलाई लेखी आएकोले अव उप्रान्त उक्त कार्यको यस केन्द्रबाट नियमित अनुगमन समेत हुने ब्यहोरा अनुरोध छ ।

पुनश्चः

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः स्थानीय तहहरुमा परिपत्र गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाउनुहुन।

.....................

(सूर्य प्रकाश बिष्ट)

शाखा अधिकृत

सादर अवगतार्थ :

श्रीमान् मुख्यसचिवज्यू,

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार।

इमेल: navic@nvc.gov.np, admin@nvc.gov.np, वेवसाइट: www.nvc.gov.np, हटलाईन: ४२००३४५, ४२००३३९, ४२००४००, ४२००३४९, ४२००३५०,

4/25/2025 2:33